लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

विषयः "आ.व. २०८०/८१ को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी मापदण्ड" स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति २०८१/०१/२६ गते

१. विषयको संक्षिप्त व्यहोरा-

नेपालको संविधान बमोजिम संघीय शासन प्रणाली लागू भइसकेको अवस्थामा प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने क्षेत्रहरुलाई व्यवस्थित गर्नको लागि प्रदेशस्तरीय ऐन तथा कानून तर्जुमा गरी कार्यान्वयन गर्न वाञ्छनीय देखिएको। खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी मापदण्डको विषयलाई सम्बोधन गर्ने गरी हाल लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ स्वीकृत भई जारी भइसकेको छ। सो ऐनको दफा १८ को उपदफा (१) मा दफा १६ मा जुन सुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ। भन्ने व्यवस्था उल्लेख भएबाट हाल यस प्रदेश सरकारको राजश्व संकलनमा कमी, स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने विभिन्न कर वापतको रकमहरु समेत लक्ष्य अनुसार प्राप्त भई नरहेको, संघीय सरकारबाट राजश्व बाँडफाँट वापत प्रदेशमा प्राप्त हुने रकममा कमी आएको तथा वित्तीय समानीकरण अनुदानको रकममा समेत संकुचन हुँदा प्रस्तुत मापदण्ड आवश्यक रहेकोले स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्तुत गर्न यो प्रस्ताव तयार गरिएको छ।

२. प्राप्त परामर्श तथा प्रासङ्गिक कुराः

आ.व. २०८०/८१ को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी मापदण्डमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं.-४७६ मिति २०८१/०१/२६ को पत्र मार्फत राय सहमति प्राप्त भएको।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः

हालको प्रदेशको आर्थिक अवस्था र सञ्चित कोष माथिको व्ययभार बढ्दा आ.व. २०८०/८१ मा हुने खर्चमा पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गरी मितव्ययिताको नीति अवलम्बन गर्ने अवस्था सिर्जना भएको छ। यसर्थ, राजश्वको स्रोत तथा खर्च व्यवस्थापनलाई मितव्ययी, उत्तरदायी तथा सुशासन कायम गरी आगामी आ.व.को बजेटलाई थप प्रभावकारी बनाउन प्रस्तुत मापदण्ड अत्यन्त आवश्यक रहेको छ। साथै प्रस्तुत मापदण्ड स्वीकृत पश्चात प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो को इकाई कार्यालयले आन्तरिक लेखा परिक्षण गर्दा समेत यस मापदण्डलाई आधार लिने तथा अनुगमन समेत गर्न सक्ने गरी प्रस्तुत मापदण्डलाई स्वीकृतिका लागि लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्तुत गर्न माननीय आर्थिक मामिला तथा योजना मन्त्रीबाट मिति २०८१/०१/२६ मा निर्णय भएकाले प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को अनुसूची १, विषय संख्या १७ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

यसै साथ संलग्न "आ.व. २०८०/८१ को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी मापदण्ड" लाई स्वीकृत गर्ने।

............................
(राम बहादुर के.सी.)
सचिव

मितिः- २०८१/०१/३१ गते

श्री प्रदेश सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।

आ.व. २०८०/८१ को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी मापदण्ड स्वीकृत गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. २/३-२०८१ मिति २०८१।०१।३१ को प्रस्ताव लु.प्र.मं.प.बै.सं. ७/२०८१, मिति २०८१।०२।१३ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्‌ले देहाय बमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन लुम्बिनी प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०८१।०२।१३

(माहादेव पन्थ)
नि. प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रतिलिपि

# आ.व.२०८०/८१ को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी मापदण्ड

१. प्रदेश सरकारको सबै मन्त्रालय/निकायको देहायका खर्च शिर्षक अन्तर्गतका प्रत्येक क्रियाकलापहरुमा चालु आ.व. २०८०/०८१ को वार्षिक विनियोजनतर्फ हालसम्म खर्च भई बाँकी रहेको बजेटको ३० प्रतिशत बजेट कटौती गरी रोक्का राख्ने र तदनुरुप PLMBIS मा प्रविष्टी संशोधन गर्नुका साथै आवश्यकतानुसार कट्टा गरिएका शीर्षकमा भएको शुरु विनियोजन र स्वीकृत कार्यक्रम/क्रियाकलापको परिमाण र तदनुरुपको रकमको समायोजन प्रस्ताव सम्बन्धित मन्त्रालयले तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने।

| ख.शी.नं. | खर्च शीर्षक | ख.शी.नं. | खर्च शीर्षक |
|---|---|---|---|
| २११३४ | कर्मचारी बैठक भत्ता | २२४११ | सेवा र परामर्श खर्च |
| २२२११ | इन्धन (पदाधिकारी) | २११३९ | अन्य भत्ता |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२६११ | अनुगमन, मूल्याङ्कन खर्च |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२६१२ | भ्रमण खर्च |
| २२२९१ | अन्य सम्पत्तिहरुको सञ्चालन तथा सम्भार खर्च | २२६१९ | अन्य भ्रमण खर्च |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | २२७११ | विविध खर्च |
| २२३१४ | इन्धन-अन्य प्रयोजन | ३११२२ | मेशिनरी तथा औजार |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३११३५ | पुँजीगत परामर्श |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च |

२. चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर हालसम्म खरिद प्रक्रिया प्रारम्भ भइ नसकेका आयोजना तथा कार्यक्रम (पूर्व सहमति प्रदान गरिएका, बहुवर्षीय एवम् क्रमागत आयोजना तथा कार्यक्रम बाहेक) को हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति/सहमतिमा मात्र खरिद प्रक्रिया अगाडि बढाउने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृती विना क्रियाकलापगत रुपमा विनियोजित बजेट भन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कार्य पूर्ण रुपमा रोक लगाउने ।

४. लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुरुप मन्त्रालय संख्या हेरफेर तथा हाल कायम दरबन्दीमा बढि नहुने गरी एकिकृत कार्यालय स्थापना गर्न बाहेक अन्यको हकमा नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगर्ने, दरबन्दी भन्दा बढी कर्मचारी कुनै पनि निकायमा नखटाउने र खटाउनै पर्ने भएमा अस्थायी दरबन्दी स्वीकृत गरी मात्र खटाउने।

सचिव

५. लुम्बिनी प्रदेश सरकार तथा नेपाल सरकार स्रोततर्फका सबै प्रकारका गोष्ठी,सेमिनार, अन्तरक्रिया,कार्यशाला, अभिमुखिकरण तथा अत्यावश्यक बाहेकका तालिम कार्यक्रम हाललाई स्थगन गर्ने ।

६. फर्निचर/फिक्चर्स (खर्च संकेत नं. ३११६१) र सवारी साधन खरिद(खर्च संकेत नं. ३११२१) शिर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप आर्थिक दायित्व पर्ने कुनै निर्णय नगर्ने।

८. चालु आर्थिक वर्षका लागि चालु खर्चतर्फ स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी प्रदेश सरकारको स्रोततर्फ हाललाई रकमान्तर नगर्ने।

९. सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने। गर्नुपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्ड बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिने।

१०. प्रदेश सरकारको स्रोत र वित्तिय समानिकरण अनुदान श्रोतमा विनियोजित खर्च शिर्षक न. ३११६१ (निर्मित भवनको संरचनात्मक सुधार खर्च) र खर्च शिर्षक न. ३११७१ (पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण) मा हालसम्म खर्च भई बाँकी रहेको बजेटबाट समेत हालसम्म शुरुवात नभएका कार्यक्रमहरु शुरु नगर्ने गरी हाललाई रोक्का राख्ने ।

११. तर उल्लेखित खर्च शिर्षकहरु मध्ये खर्च शिर्षक न. ३११७१ (पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण) मा बजेट विनियोजन भएको कुनै कार्यक्रम निकायको मुख्य जिम्मेवारीसँग सम्बन्धित रहेको र त्यस्तो कार्यक्रम कार्यान्वयन गर्न अति आवश्यक भएमा मन्त्रालय र मातहतका निकायहरुको हकमा सम्बन्धित मन्त्रालयको (मन्त्रीस्तर) र अन्य (PLMBIS मा केन्द्रिय अनुदान संकेत प्राप्त) निकायको हकमा त्यस्ता निकायका (प्रमुख पदाधिकारीस्तर) को निर्णयबाट खर्च गर्न स्वीकृति प्राप्त गरी सोको कार्यान्वयन (PLMBIS मा बजेट फुकुवा) का लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्नेछ ।

१२. प्रदेश सरकारको स्रोत र वित्तीय समानिकरण अनुदान स्रोतमा विनियोजित खर्च संकेत नं. २२५२२ (कार्यक्रम खर्च) र खर्च संकेत नं. २२५२९ (विविध कार्यक्रम खर्च) मा हालसम्म खर्च भई बाँकी रहेको बजेटबाट अब उप्रान्त कुनै पनि कार्यक्रमहरु नगर्ने गरी हाललाई रोक्का राख्ने ।

१३. तर उल्लिखित खर्च शीर्षकहरुमध्ये खर्च शीर्षक न.२२५२२ (कार्यक्रम खर्च) मा बजेट विनियोजन भएको कुनै कार्यक्रम निकायको मुख्य जिम्मेवारीसँग सम्बन्धित रहेको र त्यस्तो कार्यक्रम कार्यान्वयन गर्न अति आवश्यक भएमा मन्त्रालय र मातहतका निकायहरुको हकमा सम्बन्धित मन्त्रालयको (मन्त्रीस्तर) र अन्य (PLMBIS मा केन्द्रीय अनुदान संकेत प्राप्त) निकायको हकमा त्यस्ता निकायका (प्रमुख पदाधिकारीस्तर) को निर्णयबाट खर्च गर्न स्वीकृति प्राप्त गरी सोको कार्यान्वयन (PLMBIS मा बजेट फुकुवा) का लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. माथि उल्लेखित निर्णय प्रदेश सरकारका विश्वविद्यालय, प्रतिष्ठान, समिति, नियामक निकाय, बोर्ड लगायत सबै सार्वजनिक संस्थानमा समेत लागू हुने।

१५. विपद् व्ययवस्थापनको सन्दर्भमा यो निर्णय लागू हुने छैन साथै सम्बन्धित निकायले आवश्यकता एवम औचित्यता पुष्टि हुने गरी कागजात पेश गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई आवश्यक कार्य समेत गर्न सक्नेछ।

१६. लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्)को बैठकबाट स्वीकृत आ.व.२०८०/८१ को बजेट रोक्का तथा खर्च कटौति सम्बन्धि मापदण्ड २०८१ लागू हुनु पूर्व खर्चको दायित्व सिर्जना भईसकेका तर बजेट रोक्का तथा खर्च कटौतीको कारण त्यस्तो दायित्व भुक्तानी हुनु नसकेमा मन्त्रालय र मातहतका निकायहरुको हकमा

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सचिव

सम्बन्धित मन्त्रालयको (मन्त्रीस्तर) र अन्य (PLMBIS मा केन्द्रिय अनुदान संकेत प्राप्त) निकायको हकमा त्यस्ता निकायका (प्रमुख पदाधिकारीस्तर) को निर्णयबाट विनियोजित बजेटको सिमामा रहि खर्च भुक्तानी गर्न स्वीकृति प्राप्त गरी सोको कार्यान्वयन (PLMBIS मा बजेट फुकुवा) का लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

१७. यसको कार्यान्वयनको अनुगमन आन्तरिक लेखा परीक्षणको माध्यमबाट प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयहरुले गर्नेछ।

१८ यस मापदण्ड बमोजिम बजेट कार्यान्वयन गर्दा कुनै बाधा अड्चन उत्पन्न भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्ता बाधा अड्काउ फुकाउन सक्नेछर

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सचिव